# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक


वर्ष-५ | अंक-१९ | २०७७ मंसिर १७ गते बुधबार | 2 December 2020 Wednesday | मूल्य रू. १०/-

## कर्णाली गरिडोरले मुहार फेर्दै

**मिसन न्यूज**
**कालिकोट**

भारत र चीनसँग जोड्ने सुर्खेत-हिल्सा सडक निर्माणका लागि सम्भाव्यता अध्ययन गरिएको छ । एक चिनियाँ कम्पनीले सडक निर्माणको सम्भाव्यता अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो । त्रिदेशीय सडक निर्माणका लागि करिब ६४ अर्ब लागत लाग्ने कम्पनीले अनुमान गरेको छरु। सुर्खेत(हिल्सा सडक चार सय तीन किलोमिटरको लम्वाइ रहने प्रतिवेदनमा उल्लेख छरु। चीन सरकारको स्वामित्व रहेको चाइना रेलवे इन्जिनियरिङ कम्पनीले सडको सम्भाव्यता अध्ययन गरेको हो ।

कम्पनीले गत आर्थिक वर्षको कात्तिकदेखि सम्भाव्यता अध्ययन थालेको थियो । चाइना रेलवे इन्जिनियरिङ कम्पनीले कर्णाली प्रदेश सर कारलाई तयार पारेको प्रतिवेदन बुझाएको छ। कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई कम्पनीले बुझाएको प्रतिवेदनले कर्णालीमा नयाँ आशा जोगाएको छ। चाइना रेलवे इन्जिनियरिङ कम्पनीले तयार गरेको सम्भाव्यता अध्ययन



कर्णाली करिडोर स्थित कालिकोटको फुगाडमा जीप गुड्दै तस्विर : मिसन न्यूज

प्रतिवेदनले सुर्खेत-हिल्सा सडकको लागि ६४ अर्ब लाग्ने अनुमान गरेको कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष डा. पुण्यप्रसाद रेग्मीले बताए। 'गत आर्थिक वर्षदेखि ११ महिना लगाएर कम्पनीले तयार पारेको प्रतिवेदन आधिकारकि छ' रेग्मीले भने, 'कर्णाली प्रदेश सरकार र संघीय सरकारको प्राथमिकतामा रहेको सडक निर्माणले छिमेकी देश चीन र भारतसँग जोड्ने अवसर

**बाँकी ८ पेजमा.....**

## मोहोनी लगाउँने सुन्दर सिञ्जा क्षेत्र

**मिसन न्यूज**
**सिञ्जा**

नेपालकै भ्रमण गर्नका लागि सुन्दर क्षेत्र सिञ्जा हो। भ्रमण वर्षलमा पनि सिञ्जा प्राथामिकतामा परेको थियो। पर्यटक भित्राउन लक्षित गरी गत वर्ष नै सरकारले सय नयाँ गन्तव्य तोकिसकेको छ। ती सय गन्तव्य मध्ये एक हो। नेपाली खस भाषाको उद्गम थलो सिञ्जा उपत्यका। न देश कै प्रमुख पर्यटकीय स्थल रारा पुग्ने मुल बाटो सिञ्जा भएरै जान्छ। यस उपत्यकाकलाई कर्णाली प्रदेशको समेत उत्कृष्ट नयाँ गन्तव्यको रुपमा समावेश गरिएको छ। तर पछिल्लो समय भने सिंजाको परिचय बदलिएको छ। सरकारले सय गन्तव्यमा समावेश गरेपछि देशभरबाट विषेश गरी डकुमेन्ट्री निर्माण गर्नको लागि सिञ्जा गन्तव्यको रुपमा विकास हुन थालेको छ।

यहाँको भाषा, सस्कृति र रितीरिवाज र चालचलनका विषयमा आधारित डकुमेन्ट्री बनाउनेहरुले सिञ्जालाई रोज्न थालेका हुन् । सडक सञ्जालको समेत पहुँज बढेपछि कर्णालीको उत्कृष्ट गन्तव्यका साथै डकुमेन्ट्री निर्माण गर्ने हबको रुपमा विकसित हुने थालेको छ। प्राकृतिक सौन्दर्यता र सास्कृतिक रुपले निकै धनी भएकोले पछिल्लो समय डकुमेन्ट्री बनाउन आउने मानिसको संख्या बढेको कनकासुन्दरी



गाँउपालिकाले जनाएको छ। यसबाट सिञ्जाको प्रचारप्रसार र प्रवर्द्धनका साथै पर्यटनको विकास हुने गाउँपालिकाका अध्यक्ष नरविर रावतले बताए। साँस्कृतिक भौतिक, ऐतिहासिक बस्तु, रितिरि वाज, स्थानीय भाषा स्थानीय उत्पादन बस्तुहरुको ,डकुमेन्ट्री बनाउने ब्यक्तिहरु मार्फत वा डकुमेन्ट्री मार्फत प्रचार प्रचार हुने र आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्यामा पनि बृद्धि हुने अध्यक्ष र ावतको विश्वास रहेको छ। यस्तै सिञ्जामा म्युजिक भिडियो समेत निर्माण कार्य पछिल्लो समय बढ्दै गएको छ। देशभर म्युजिक भिडियो सुटिङका लागि पनि आउने गरेको अध्यक्ष र ावतको भनाई छ। यहाँका स्थानीय तहले समेत गित संगितको माध्यमबाट विश्व सामु चिनाउनको लागि सिञ्जाको ऐतिहासिकता, विविधता, सास्कृतिक पक्ष झल्किने गरी गित समेत बजार मा ल्याएका छन् । 'हामी सिञ्जाली' र 'रारा जाने मुल बाटोमा' जस्ता लोकप्रिय गितहरु बजार मा आएका छन् । सिञ्जाको समग्र गतिविधि झल्कने गित सञ्चारकर्मी, सर्जक, तथा गायत मोहन विक्रम शाहीको लेखन र सिञ्जा गाउँपालिकाको आर्थिक सहयोगमा गित निकालिएको हो । यस्तै प्रकारका थूप्रै गितहरु सिञ्जाको सेरोफेरोमा रहेर गित रचिएका छन्। लोक देउडा गायक छत्र बहादुर शाही लोक संगित र देउडा सिञ्जाबाट उत्पति भएको र त्यसपछि मात्र देशभर फैलिएको बताउँछन् । सिञ्जा क्षेत्रमा पर्ने तीन स्थानीय तहले समेत भ्रमण वर्षमा आउने पर्यटकलाई लोभ्याउनको लागि विषेश प्याकेट बनाएको जनाएका छन् ।

## गाउँमा सचेतना अभियान

**कालिकोट**-कर्णाली लगायतका जुम्लामा अहिले पनि छाउपढी सामाजिक समस्याका रुपमा र हेको छ । महिनावारी भएको समयमा घरभित्र बसेमा देउता रिसाउछन् भन्ने अन्धविस्वासका कारण अहिले पनि छाउपढी विद्यामान छ । समाजमा जरो गाँडेर रहेको छाउपढी प्रथा न्युनिकरण गर्नको लागि सरकारी तथा गैसरकारी तवरबा प्रयास भइरहेका छन्। सोही अभियानको क्रममा जिल्लामा रहेका आठ वटा स्थानीय तहमा रहेका २१ वटा बस्ती छाउगोठ मुक्त घोषणा गरिएको छ । जिल्लामा २०७३ बाट थालिएका छाउगोठ मुक्त अभियान अभियान अर्न्तगत २१ वटा बस्तीलाई छाउगोठमुक्त घोषणा गरिएको हो । उक्त गरियोजना पहिलो चरणमा दुई स्थानीय तहमा सञ्चालन गरिएको थियो । तिला र पातारासी गाउँपालिकाका अध्यधिक छाउ मान्ने बस्ती छाउगोठ मुक्त भएका हुन् ।

अहिलेसम्म तिला गाउँपालिकाको वडा नम्बर तीनस्थित दानीबाडा,सार्किबाडा, हितानबाड ार कठायतबाडा छाउगोठ मुक्त भएका छन्। यस्तै पातारासी गाउँपालिकाका लुम र भोडेगाँउ स्थनीय तहको सहयोग र सर्वोदय नेपाल जुम्लाको सहजीकरणमा घोषणा गरिएको हो। यस्तै अहिले तातोपानी गाउँपालिका वडा नम्बर ६ को र ावतबाडा, वडा नम्बर ५ को लाम्रा बस्ती र वडा नम्बर चारको जैतपुर र गौतमबाडा छाउगोठमुक्त भईसकेका छन्। यस्तै जिल्ला सिंजा क्षेत्रमा पर्ने तीन वटा गाउँपालिका आधा दर्जन बढी बस्तीलाई छाउगोठ मुक्त गरिएको छ । यसबाट २१ बस्ती,१ हजार ७ सय ४० घरधुरी लाभान्वित भएको सामाजिक अभियान्ता कमल खत्रीले जानकारी दिए ।

उनका अनुसार ८ हजार ७ सय ८९ व्यक्तिहरुले छाउगोठ उन्मुलन सम्बन्धि घोषणा गरेका छन्। जुम्लामा लामो समयदेखि विभिन्न सामाजिक सस्थाहरुले उक्त अभियान सञ्चालन गर्दै आएका छन्। तर घोषणा पछि भने कार्यान्वयनको लागि ध्यान नदिने गरेको गुनासो समेत आउने गरेको छ। तातोपानी गाउँपालिका वडा नम्बर ६ का स्थानीय आशिष रावत घोषणा पछि सस्थाहरु गाउँ मै नफर्किने समस्या रहेको बताउँछन् । उनी भन्छन्, 'एनजिओ आउछन्, घोषणा गर्छन् तर कहिल्यै फर्किदैनन्।' जिल्लामा यस्ता थुप्रै यस्ता बस्तीहरु छन्।

ती बस्तीमा अहिले पनि छाउपढि मान्दै आएका छन्। यसमा स्थानीय तहले पनि ध्यानदिनु पर्ने आवश्यकता रहेको उनको भनाई छ । यस्तो अभियानमा सवैले साथ दिनुपर्नै अगुवा महिला निर्मला शाहीले बताइन् । अवका महिलाहरुले विकृतिविरुद्धको सचेतना अभियान संचालन गरेर सचेतना सन्देश गाउँमा दिन अति आवश्यक भएको उनको भनाई छ।

# सम्पादकीय...

## कर्णालीमा पर्यटन हव

कर्णालीप्रदेशका मूर्त र अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने प्रयासहरूमा स्थानीय निकायहरू र स्थानीय पर्यटन उपभोक्ता समूहहरूलाई क्रियाशील र सहभागी बनाउन आवश्यक देखिन्छ। सरकारका तर्फबाट कर्णालीमा १ घर १ कोसेली भन्ने नारका साथ ग्रामीण क्षेत्रमा रहेका सिप क्षमताको प्रवद्धन गर्न जरुरी देखिन्छ। कणालीका १० वटै जिल्लामा प्राकृतिक, साँस्कृतिक सम्पदा तथा पर्यटकीय क्षेत्रको विस्तृत अध्ययन गरी तिनको संरक्षण तथा संवर्द्धनका अतिरिक्त प्रचार प्रसारको जरुरी देखिन्छ। जुम्ला विमानस्थलमा संचार तथा उड्डयन सहायक उपकरण जडान, एयरफिल्ड लाईटिङ्ग उपकरण जडान गरी रात्री उडान सेवा सचालनका लागि उपर्युक्त बनाइनु आवश्यक छ भने मुगु जिल्ला र डोल्पामा बैकल्पिक एयरपोर्ट बनाइनु पर्छ। साथै कर्णाली प्रदेशमा नेपालगंज्ज, सुर्खेतबाट मात्र हवाई उडान संचालन हुदै आएकोमा काठमाडौ र पोखराबाट अतिरिक्त उडान भर्न जरुरी देखिन्छ।

पहिलो चरणमा कर्णालीका पर्यटन बजारका सम्भाव्य मुलुकहरू भारत र चीनलाई केन्द्रित गर्नुका साथै अन्य क्षेत्रीय मलुकहरू जापान, सिङ्गापुर, मलेसिया, थाइल्यान्ड, बङ्गलादेश आदिमा पर्यटन प्रवर्द्धनसम्बन्धी कर्णालीका गतिविधिको प्रचारप्रसार गर्नु आवश्यक देखिन्छ। त्यसपछि विश्वका अन्य मुलुकसँग पनि यो क्रमलाई जोड्नुपर्ने देखिन्छ। कर्णालीमा पर्यटन केन्द्रहरू निर्धारण गरी एकीकृत कार्यक्रमहरू गर्न कर्णाली पर्यटन विकास प्राधिकरण नेपाल सरकारका तर्फबाट तुरुन्त गठन हुनु आवश्यक पर्दछ। यस समिति स्थापना मुलतः दुई उद्देश्य परिपुर्तिका लागि हुनु पर्छ। (१) पवित्र तपोभूमि हिमालयको काखमा अवस्थित प्रकृतिको वरदानले विभूषित अति पूण्य भूमि कर्णाली आमाको सौन्दर्य र सुवास राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा फैलाउनु र (२) समितिबाट प्राप्त हुने आयस्रोतबाट अभाव र पीडामा पिल्सी रहेका मूलतः कर्णालीका ग्रामीण जनताको जीवनस्तर उठाई गरिबी निवारणमा केही योगदान पुर्‍याउनु। यसरी एउटा बहुउद्देश्यीय दीर्घकालिन सोच र योजना लिएर यसको यसको स्थापना हुनु जरुरी छ। नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले मौजुदा कर्णालीको सम्पदा-सौन्दर्य, कला र संस्कृतिको सकेसम्म बढी समन्वयात्मक प्रस्तुति सहित पर्यटकहरुलाई गुणात्मक सेवा एवं सुविधा उपलब्ध गराउन जरुरी छ। कर्णालीका पर्यटकीय तथा साँस्कृतिक सम्पदा बारे प्रचार गर्न अन्तर्राष्ट्रियस्तरका बैठक, आप्रवासिहरुका सम्मेलन कर्णालीमा नै गरिनुका साथै पर्यटन उद्योगको विविधिकरणका लागि स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमसमेत सञ्चालनको आयोजन हुनु पर्दछ।

**जनचेतना मुलक सन्देश**

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

शुभकालिका गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

# पलाँतामा शिक्षाको फट्को

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको पलाँता गाउँपालिकाले गाउँपालिकामा अध्ययनरत विद्यार्थीहरुलाई जापानीज झोला वितरण गरेको छ। कक्षा ४ देखि ८ सम्मका २४ वटा सरकारी विद्यालयमा अध्ययनरत २ हजार ६ सय विद्यार्थीलाई जापानीज झोला



वितरण गरिएको हो। गाउँपालिकाले कक्षा १ देखि १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। जुन घोषणाले विद्यार्थी तथा अभिभावकलाई खुशी तुल्याएको छ। कालीकोटको दुर्गम क्षेत्र भनेर चिनीने पलाँता गाउँपालिकामा जापानीज झोला पुगेपछि नागरिकहरु हर्सित बनेका छन्। गाउँपालीका अध्यक्ष लक्ष्मण बहादुर बमले पलाँताका विद्यार्थीका लागि झोला मात्र नभएर विगतको चोला फेर्न लागि परेको दाबी गरे। उनले भने,'१० बर्षे जनयुद्धमा निःशुल्क शिक्षा घोषणा गर्ने भनेर गरेको भाषण आज पलाँतामा पूरा भएको छ। कक्षा १२ सम्म पुर्ण निःशुल्क शिक्षा घोसणा गरिएको छ। अब आर्थीक अभावका कारण कोही पनि शिक्षाको पँहुचभन्दा बाहिर बस्नुपर्ने छैन।' प्रतिनिधिसभा सांसद दुर्गबहादुर रावतको उपस्थितिमा विद्यार्थीहरुलाई झोला वितरण गरिएको थियो। विद्यालयमा अध्ययरत विद्यार्थीले तिर्नुपर्ने शुल्क, रजिस्टेन शुल्क, परिक्षा शुल्क, किताबलगायतको खर्च गाउँपालिकाले व्यहोर्ने भएको छ। गापाले यस अघि नै नीजि विद्यालयमाथि प्रतिबन्ध लगाई सकेको छ। गाउँपालिकाले केही समयर्म सार्वजनिक यातायातको व्यवस्था गर्ने अध्यक्ष बमले जानकारी दिएका छन्। गापाका २४ वटा विद्यालयमा १.८७ तौलको जापानीज कम्पनिको झोला वितरण गरेको हो। उक्त झोला कम्तिमा १० वर्षसम्म प्रयोग गर्न मिल्ने छ। पलाँता गापाको पहल तथा रूपान्तरण नेपालको सहजिकरणमा जापानमा बस्ने नेपालीहरूको संस्था युमी नेपालले उक्त झोला उपलब्ध गरेको हो।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।


**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल



# विकास निर्माणमा शिलान्यास र उद्घाटनको राजनीति

**दामोदर खनाल**

मुलुकमा तीन तहको सरकार छ। यी सरकार गठन भएसँगै गरिएको अपेक्षाअनुसार भने काम हुन सकेको छैन। ठूला हुन् वा साना योजना समयमा काम सम्पन्न हुन सकिरहेको देखिँदैन। बजेट पार्दादेखि योजनाको काम पूरा हुन नसकेर समय अवधि थप्दासम्म भनसुन र धनसुनको राजनीति बुझिनसक्नु छ। अनि कतिपय योजना त शिलान्यास र उद्घाटनको दलीय राजनीतिमा रुमल्लिएका कारण लामो समयसम्म पनि लक्षित वर्गले लाभ लिन सकेको देखिँदैन। अनि कतिपय आयोजनामा बजेटको ठूलो हिस्सा खर्च हुन सकेको पनि पाइँदैन। कति त विकास निर्माणका नामका खर्च गोष्ठी, भत्तामै सीमित देखिन्छ। हाम्रो मुलुकमा जुन रूपमा विकास र समृद्धि हुनुपर्ने हो त्यो हुन सकेको छैन।

यसको प्रमुख कारण हो काममा ढिलासुस्ती, लापरबाही र भ्रष्टाचार। अनि हाम्रा जिम्मेवार नेताहरुले संवेदनशील भई मुलुकको विकासका लागि स्पष्ट योजना बनाई दृढ इच्छाशक्ति देखाउन नसक्नु अर्को कारण हो। ठेक्कापट्टामा राजनीति, कामको अनुगमन र इमानदारिताभन्दा पनि धनसुन र भनसुनको राजनीतिको मारमा छ हाम्रो विकास निर्माण। ठूला साना योजना, आयोजना समयमा बिरलै सकिएको पाइन्छ। हाम्रो विकासको मोडेल पनि गज्जबकै छ भन्ने उदाहरण लुम्बिनी प्रदेशका दुई चारवटा ठूला आयोजनाको काम गराइको पारा हेर्दा पुग्छ। त्यसले मुलुककै विकासको परिदृश्यको झल्को पनि दिन्छ। प्रदेश ५ अर्थात लुम्बिनी प्रदेशको अस्थायी राजधानी मुकाम बुटवलमा नेपाल खानेपानी संस्थान बुटवल शाखाको झुम्सा बुटवल खानेपानी आयोजना तीन दशक पूरा हुँदा पनि नसकिएको काठमाडौँको बहुचर्चित मेलम्चीको खानेपानी आयोजनासँग तुलना गर्न सकिन्छ। बुटवलका लागि खानेपानी समस्या समाधान गर्न सुरु भएको यो झुम्सा खानेपानी आयोजना २५ वर्ष वितिसक्दा पनि पूरा हुन सकेको छैन। बरु २५ वर्षमा आएर फेरि आयोजनाको गत मङ्सिर ११ गते बिहीबार अर्थमन्त्री विष्णु पौडेलले बुटवल खानेपानी सुधार आयोजनाका रूपमा शिलान्यास गरेपछि पुनः चर्चामा छ यो खानेपानी आयोजना। झुम्सा खानेपानी आयोजनाको काम यसअघि नै करिब ८० प्रतिशतभन्दा बढी सकिएर राजनीतिक खिचातानीका कारण अलपत्र परेको थियो। स्थानीयहरु सरोकारवाला निकाय र राजनीतिक दलका नेताहरु र नगरपालिकाको ध्यान पुग्न नसक्दा बुटवलमा खानेपानीको समस्या बढ्दै गएको र आयोजना अधुरै रहेको बताउँछन्। अब हाम्रा लागि आएको बजेट कहाँ कसरी खर्च भइरहेको छ, हामी नै चनाखो हुनुपर्छ। योजना र बजेटमा बदमासी गर्नेलाई दण्ड सजाय दिलाउन लाग्नै पर्छ। देशको उन्नति प्रगति गर्न हामीमा नैतिकता चाहिन्छ तर हाम्रा मुलुक चलाउने नेताहरुमा त्यो छनक देखिएको छैन। नेतृत्व वर्गसँग मिलेर तलदेखि माथिसम्म भ्रष्टाचार व्याप्त छ। यतिखेर स्थानीय निकायमा चरम भ्रष्टाचार भएको तथ्यहरु सार्वजनिक भइरहेको छ। अख्तियारमा पनि योजना आयोजनामा भएको गलत कामको उजुरीको चाङ छ तर गलत काम गर्ने बहानाबाजीमा उम्किरहेका छन्।

उता झुम्सा खानेपानी आयोजनाका लागि अधुरो योजना पूरा गर्न ल्याइएको २२ करोडको पाइप बुटवलको दीपनगर जङ्गलमा ३ वर्षदेखि अलपत्र अवस्थामा रहेको उपमहानगरवासीलाई जगजाहेर नै छ। ३ वर्ष अगाडि बुटवल झुम्सा खानेपानी आयोजना सम्पन्न गर्नका लागि खरिद गरेर ल्याइएको १० इन्च र २० इन्चको उक्त पाइप खरिदमा आर्थिक अनियमितता भएको भन्दै मुद्दा परेका कारण त्यसै अलपत्र परेको हो। भारतको कलकत्ताको इलेक्ट्रो स्टिल कम्पनीबाट नेपाली सप्लायर्स वर्ल्ड बाइड ट्रेडले ल्याएको उक्त पाइपको जिम्मेवारी कसैले लिएको थिएन। अहिले बल्ल उक्त पाइप खानेपानी आयोजनाका लागि प्रयोग हुँदै छ। बुटवल झुम्सा खानेपानी आयोजनाका लागि पहिलो र दोस्रो चरणमा गरेर यसअघि करिब १५ करोड रुपैयाँभन्दा बढी खर्च भइसकेको छ। यो आयोजना २०५०/२०५१ सालतिर बुटवलको खानेपानी समस्या समाधान गर्न पाल्पाको सिस्नेको खानेपानी ल्याउनका लागि सर्वे भयो। त्यतिबेला १० इन्चको पाइमा पानी ल्याउने गरी डिजाइन गरी २०५२/०५३ सालमा सरकारबाट प्रत्येक वर्ष बजेट पर्दै आएको थियो। त्यतिबेला यो योजनाका लागि करिब ९ करोड रुपैयाँ खर्च भएको थियो। केही वर्ष यो आयोजनाको काम रोकियो र २०६४/०६५ सालमा यो आयोजना झुम्सा खानेपानी आयोजाको रूपमा पुनः काम सुरु भए पनि यो आयोजनाको काम पनि त्यसै अलपत्र पारेर पुनः नयाँ डीपीआर गरिएको छ। निर्माण गरिएको खानेपानी योजनाको बाँध ४ वर्ष अगाडि वर्षाले बगाएपछि योजना नै अलपत्र परेको थियो। अहिले त्यही आयोजनाको ड्याम केही माथि फिरफिरे घाटमा निर्माण गर्न थालिएको छ। जुन आयोजनाको अर्थमन्त्री विष्णु पौडेलले शिलान्यास गर्नुभएको हो। जुन आयोजनाको बाँध निर्माणमा ७३ करोड ६४ लाख र पानी प्रशोधन प्रणाली, ट्याङ्की निर्माण, वितरण प्रणाली लगायत कामका लागि ५ अर्ब ६१ करोड ७१ लाख गरी कुल लागत ६ अर्ब ३५ करोड ३५ लाख रहेको छ र जुन आयोजना २०६९ जेठसम्म सकिने लक्ष्य लिइएको छ। हाल बुटवलमा दैनिक साढे ३ करोड लिटर पानी आवश्यक भएकोमा करिब साढे २ करोड लिटर मात्र आपूर्ति हुँदै आएको छ भने वर्षा हुँदा बुटवलवासी तिनाउको धमिलो पानी पिउन बाध्य हुन्छन्।

५ वर्ष अगाडि सकिनुपर्ने झुम्सा खानेपानी आयोजनाको निमार्ण कार्य अन्तिम अवस्थामा पुगेर पनि खानेपानी आयोजनाको मुख्यस्थलमा बनाइएको बाँध कमजोर भएका कारण वर्षाको भेलले बगाइदिएपछि हाल पुनः नयाँ बाँधको थालनी भएको छ। धेरै नेता मन्त्रीले यो आयोजना देखे मूलमै पुगे तर जनताले विकासको फल कहिलेसम्म पाउने हुन अझै निश्चित छैन? नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवलको रामफेदीस्थित ट्याङ्कीबाट यो आयोजना स्थलसम्म करिब साढे १३ किलोमिटर दूरीमा छ। यो योजना सम्पन्न गर्ने क्रममा यसअघि बुटवलदेखि झुम्सा पुलसम्म ९ किलोमिटर पुरानै योजनाको स्टकको १० इन्चको पाइप बिछ्याइयो भने त्यसदेखि माथि योजनाको कलेक्सन ट्याङ्कीसम्म करिब ३ किलोमिटर क्षेत्रमा २० इन्चको पाइप बिछ्याउने काम भएको छ। ५ वर्ष अगाडि नै पूरा हुनुपर्ने यो योजना केही राजनीतिक खिचलो र मन्त्रीहरुले दिएको मौखिक आश्वासन व्यवहारमा लागू नभएकाले अन्तिम अवस्थामा पुगिसकेको यो योजना सम्पन्न हुन नसकेको हो। पटक पटक यो आयोजना चुनावी मुद्दा पनि बनिरहेको छ। खानेपानी जस्तो महत्त्वपूर्ण आयोजनामा राजनीतिक दलका नेताले सामान्य चासो नदिँदा नै बुटवलवासीले २५ वर्षसम्म पनि पानी पाउन सकेका छैनन्। राजनीतिक दलको विकासप्रतिको हेलचेक्र्याइँ, एकआपसको गुटबन्दीले गर्दा नै यस्ता महत्त्वपूर्ण आयोजना पूरा हुन नसक्नु लाजमर्दो कुरा हो। नेताहरुले चासो देखाउने हो भने काम छिट्टै पूरा हुन्छ, राजनीतिक चलखेल र कामको जस कसले लिने भन्ने कारणले नै यो योजना लामो समयसम्म पूरा हुन नसकेको आम नगरवासीको बुझाइ छ।

यसरी एकजना मान्छेको विवाह हुन्छ छोराछोरी पाउँछ, पढाइ लेखाइ सक्छन् हुर्कन्छन्। छोराछोरीको विवाह गर्ने अवस्थामा पुगिसक्छन् तर हाम्रो आयोजना सकिँदैन। यस्तो विकासको मोडेलबाट जनताले कहिले विकासको फल चाख्न पाउने हुन्? अनि गुणस्तरीय पाइप खरिद हुन नसक्दा र खानेपानी आयोजना बारे बुटवल उपमहानगरपालिकाले नगरवासीलाई स्पष्ट जानकारी नदिँदा बुटवल वडा नम्बर ७ दीपनगर र वडा नम्बर ८ सुख्खानगरका लागि अगाडि सारिएको ठूलो खानेपानी आयोजना पनि त्यसै अलपत्र परेको स्थानीयवासीले बिर्सेका छैनन्। जुन आयोजनाका लागि हिलपार्कको गेट नजिक र शिवनगरमा भूमिगत पानी निकाल्न पचासौँ लाख खर्चसमेत गरियो, पानी आएन। बुटवलकै अर्को एउटा आयोजनाको विकासको कथा पनि अचम्मकै छ। बुटवलको तिनाउ नदीमा स्याउलाको बाँध बाँधेर सिँचाइका लागि पानी लैजाने बाध्यता अझ हटेको छैन रुपन्देहीवासीलाई। २०६६ सालबाट सुरु भएको तिनाउ र दानव नदी संरक्षणका नाममा जनताका तटबन्ध कार्यक्रममा मात्र करिब ६० करोड रुपैयाँ सकिए पनि नदी किनारका बासिन्दालाई तिनाउमा आउने बाढीको त्रास उस्तै छ। सामान्य वर्षा हुँदा रातभर जागाराम बस्नुपरेको स्थानीयको गुनासो टरेको छैन।

रातोपाटीबाट साभार

# सुलवद्धारा जैबिक विविधताको सन्देश




मिसन न्यूज
सुर्खेत

कालिकोट : कालिकोटका पत्रकारलाई जैबिक विविधता सम्बन्धि एक दिने तालिम दिईएको छ। दिगो जिविको पार्जन तथा जैविक विविधता संरक्षण परियोजना (सुलभ) द्वारा पत्रकारहरुलाई १ दिने तालिम दियर जैविक विविधता सम्बन्धि जानकारी दिन र यस बिषयमा पनि पत्रकाहरुको कलम चलोस भन्ने सोच लियर पत्रकारहरुलाई तालिम दिएको परियोजना संयोजक राजेश गौतमले जाजकारी दिए । गौतमले भने, समुदायको जिवनयापन सुधार र नेपालमा जैविक विविधतामा टेवा पुर्याउनु सुलभ परियोजनाको अपेक्षित परिणाम रहेको बताए । सुलभ परियोजनाका कालिकोट जिल्ला संयोजक गोपालसिंह कार्किले कालिकोटमा यस परियोजनाले वनजंगल संरक्षण,बृक्षारोपण,बायोग्यास सम्बन्धि स्थानीय स्तरका नागरिकहरुलाई जानकारी दिई समुदाय स्तरमा बाल क्लब,युवा क्लबलाई वातावरण संरक्षणमा लगाएको बताए। उनले भने समुदायहरुको जिविको पार्जन,प्राकृतिक श्रोत तथा संरचनाको दिगो उपयोग गर्ने गर्नेमा शुलभ परियोजनाले महत्त्वपूर्ण शिक्षा दिएको पनि बताएका छन्।

मानव अधिकार तथा वातावरण विकास केन्द्र( हुरेन्डेक) नेपाल कालिकोटका कोषाध्यक्ष दिलिप कुमार शाहीले दिगो जिविको पार्जन तथा जैविक विविधता सम्बन्धी कालिकोटका कोहि पनि पत्रकारहरुले कुनै किसिमको समाचार लेखन नगरेकाले यो तालिम दिएको बताएका छन् । समाचार लेख्ने पत्रकारलाई जैविक विविधता सम्वन्धि ज्ञान दिदै अबका दिनमा सबै पत्रकारको कलम दिगो जिविको पार्जन तथा जैविक विविधता सम्बन्धि पनि चलोस भन्दै परियोजनाको महत्व र उदेश्य बिच प्रष्ट पारेका छन्। शाहीले भने राष्ट्रिय सरकार,कर्णाली प्रदेश सरकार र स्थानीय सरकारमा समुदायमा जैबिक बिविधता,जिविको पार्जन तथा वातावरण संरक्षणमा युवा वालवालिका र समुदायका नागरिकहरुलाई यस बारेमा जानकारी दिनु यस परियोजनाको मख्य उदेश्य रहेको बताए। कार्यक्रमका प्रमुख प्रशिक्षक पत्रकार महासंघका कर्णाली प्रदेश सदस्य कृष्नराज धमलाले दिगो जिविको पार्जन तथा जैबिक बिविधता सम्बन्धि पत्रकारहरुको भुमिका बिषयक जानकारी दिएका छन् । पत्रकारितामा लेखन शैली,बाचनशैलीका बिषयमा पनि सहभागी पत्रकारहरुलाई तालिम दिए । वातावरण संरक्षणमा पत्रकारको भुमिका र आगामी दिनमा वातावरण संरक्षणमा खेल्नु पर्ने महत्त्वपूर्ण पक्षका बिषमा करि २५ जना सहभागी पत्रकारलाई तालिम दिएका छन् । टिडिएच,बिएम जेट जर्मनको सहयोग,मानव अधिकार तथा वातावरण विकास केन्द्र कालिकोटको सहजिकरण तथा सामुदायिक रेडियो चंखेली कालिकोटको समन्वय, सहकार्यमा एक दिने तालिमको आयोजना गरिएको हो । कार्यक्रमको संचालक पत्रकार महासंघ कालिकोटका सचिव खडानन्द अधिकारीले गरेका हुन ।

## प्रकोप नियन्त्रणको सूचना


**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**


**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**



# फुकोट कर्णाली जलविद्युत आयोजनाको काम सुरु



मिसन न्यूज
कालिकोट

फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाले जग्गा अधिग्रहण सुरु गरेको छ । आयोजनाको लागि आवश्यक कर्मचारी आवस गृह तथा कार्यलय भवन निर्माणका लागि सान्नी त्रिवेणी गाँउपालिका-२ रकुमा स्थानियको १ सय ३० रोपनी जग्गा अधिग्रहण गरेको हो । करिब ४ सय ८० मेगाबाट क्षेमताको उक्त आयोजनाको जलाशयबाट डुवान पर्ने जग्गा अधिग्रहणको प्रक्रियासमेत सुरु गरिएको छ ।

चालु आर्थिक वर्ष भित्रमा नै आयोजनाबाट डुवानमा पर्ने जग्गाहरु अधिग्रहण गरिसक्ने आयोजना प्रमुख हिरावान वाइवाले बताए । उनका अनुसार आयोजनाका लागि आवश्यक बजेट जुटेपछि पाँच वर्षभित्र निर्माणको काम पुरा हुनेछ । आयोजनाका लागि आवश्यक १ खर्ब बजेटमा ३० अर्ब बजेट नेपाल सरकार, कर्मचारी संचय कोषबाट प्राप्त हुनेछ भने बाँकी ७० अर्ब बजेट अन्य दातृनिकायबाट लिनुपर्नेछ । कर्णालीको आर्थिक विकासको आधारका रुपमा हेरिएको उक्त आयोजनाको अध्यायनको काम अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारको स्वामित्व रहेको विद्युत उत्पादन कम्पनी लिमिटेडले उक्त जलविद्युत आयोजनाको अध्यायनको काम अन्तिम चरणमा पुगेको जनाएको हो । नेपाल सरकारको नेपालको पानी

बाँकी ८ पेजमा.....


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |


स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# चोक्टे बगर पहिरोको जोखिम

मिसन न्यूज

कालिकोट

तुलसीको पात निकै उपयोगी हुन्छ । सामान्य ज्वरो, रुघा आदिबाट बच्न मात्र होइन, यसको नियमित सेवनले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउन सकिन्छ। साथै तुलसीले वायु शुद्धीकरण



गर्ने काम पनि गर्छ । यस्तै, दूध पनि बहुगुणी पेय हो । यो जति स्वादिलो हुन्छ, उत्तिनै गुणकारी पनि। यसमा क्याल्सियम लगायत पोषक तत्त्व पाइन्छ। अब दूध र तुलसीलाई एकै ठाउँ मिश्रण गरिए के होला ? यदि नियमित रूपले तुलसीको पात दूधमा उमालेर पिउने हो भने धेरै किसिमको रोगबाट मुक्त हुन सकिन्छ।

दम रोगमा फाइदा

यदि तपाईं श्वासप्रश्वाससँग सम्बन्धित समस्याले ग्रस्त हुनुहुन्छ भने दूधमा तुलसीको पात उमालेर पिउनु लाभदायक हुन्छ। नियमित रुपमा तुलसीको पात दूधमा उमालेर सेवन गर्दा दम रोगमा फाइदा गर्छ ।

माइग्रेनमा राहत

दूधमा तुलसीको पात उमालेर पिउँदा टाउको दुखाई वा माइग्रेन जस्ता समस्याबाट राहत मिल्छ ।

तनाव वा डिप्रेसनमा

यदि तपाईंमा तनाव वा डिप्रेसनको समस्या छ भने पनि दूधमा तुलसीको पत्ता उमालेर सेवन गर्न सक्नुहुन्छ, जो निकै लाभदायक हुन्छ। तनाव एवं चिन्ता कम हुन्छ । डिप्रेसन रोगीका लागि पनि यो लाभदायक हुन्छ।

हृदय रोगमा

दूधमा तुलसीको पात उमालेर नियमित सेवन गर्दा हृदय रोगीलाई निकै फाइदा गर्छ। त्यतिमात्र होइन, यसले मुटुलाई स्वस्थ राख्न पनि सहयोग गर्छ ।

पत्थरीको समस्यामा

यदि कुनै व्यक्तिलाई पत्थरीको समस्या छ भने दूधमा तुलसीको पात उमालेर खाली पेटमा पिउनुपर्छ । यसो गर्नाले मिर्गौलाबाट पत्थरी हट्छ ।

रोग प्रतिरोधात्मक क्षमता

तुलसीको पातमा एन्टिअक्सिडेन्ट गुण पाइन्छ, जो हाम्रो शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग गर्छ। यतिमात्र होइन, यसमा क्यान्सर पैदा गर्ने कोशिकासँग लड्ने क्षमता पनि हुन्छ । यसका साथै तुलसीको पातमा एन्टिब्याक्टेरियल एवं एन्टिभाइरल गुण हुन्छ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण द्रेखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# पारसलाई अर्थपूर्ण शुभकामना

मिसन न्यूज
काठमाडौं

पूर्व युवराजधिराज पारस शाहको जन्मदिन थियो। हिजै धेरैवटा नेपाली चाडपर्वसमेत परेको




थियो। नेवार समदायको यो:मरी पुन्ही,गुरूङ्गहरूको तमु ल्होसार,किराँतहरूको उँधौली पर्व र ब्राम्हणहरूमध्ये धेरैको कूलदेवता पूजा हुने धान्य पूर्णिमाको दिन थियो। देश र जनतालाई सधैं माया गर्नु ! भावी राजमाता हिमानी सरकारको समाजसेवा काममा सधैं साथ दिइरहनु ! मुलुकबाट राजतन्त्र हटेको पनि झण्डै डेढ दशक भएको छ। पूर्व युवराज मनमौजी जीवन बिताइरहेका छन्। प्रधानमन्त्रीको असंवैधानिक र अलोकतान्त्रिक कदम पछि राजतन्त्र पक्षधरहरूले विभिन्न कार्यक्रम र प्रदर्शनहरूको आयोजना गरि रहेका छन्। त्यहि क्रममा पारसको जन्म दिनको अवसरमा सामाजिक सञ्जालमा पोष्टिएको एउटा भावना अर्थपूर्ण ठानिएको छ। अराजक र लठुवा पाराले हिँडेका पारसलाई राजतन्त्र पक्षधरहरूले लेखेको शुभकामना सन्देशमा भनिएको छ 'सधैं मातापिताले देखाएको बाटोमा हिड्नु ! देश र जनतालाई सधैं माया गर्नु ! भावी राजमाता हिमानी सरकारको समाजसेवा काममा सधैं साथ दिइर हनु ! जन्मदिनको शुभकामना पारस सरकार ! हेप्पी बर्थडे !'

# मोबाइल लिन अनहार स्क्यान

मसिन न्यूज

चीनमा मोबाइल फोन सेवा लिन अब त्यहाँका नागरिकहरुले आफ्नो अनुहार स्क्यान गर्नुपर्ने भएको छ। अधिकारीहरूले देशका करोडौं इन्टरनेट प्रयोगकर्ताका पहिचान पुष्टि गर्ने प्रयास गरिर हँदा सो नयाँ व्यवस्था कार्यान्वयनमा आएको हो। गत सेप्टेम्बरमा घोषणा गरिएको यो नियम यसको विरोध गरेका थिए। उनीहरूमध्ये केहीले आफूहरूमाथि निगरानी गर्न लागिएको भन्दै चिन्ता व्यक्त गरेका थिए। कतिपयले चाहिँ तथ्यांकहरू गोपनियता र सुरक्षाका बारेमा प्रश्न उठाएका थिए। नयाँ व्यवस्था अनुसार संकलन गरिएका अनुहारका तस्बिर चीन सरकारको केन्द्रीय तथ्यांक भण्डारमा रहेका व्यक्तिगत परिचयपत्रसँग भिडाएर हेरिनेछ। चीनमा



आइतवारबाट औपचारिक रुपमा कार्यान्वयनमा आउने बताइएको छ। सरकारले इन्टरनेटमा आफ्ना नागरिकका वैधानिक अधिकार र स्वार्थ रक्षा गर्न चाहेको बताएको छ। चीनले यसअघि नै आफ्ना नागरिकलाई निगरानी गर्न अनुहार पहिचान गर्ने प्रविधिलाई प्रयोगमा ल्याइसकेको छ। यो प्रकृतिको प्रविधि प्रयोग गर्ने देशहरूमा चीन अग्रपंक्तिमा रहेको छ। चीनले देशभर अनुहार पहिचान गर्ने प्रविधिलाई विस्तार गर `पछि त्यसलाई लिएर हालैका वर्षमा बहसहरू हुने गरेका छन्। गत सेप्टेम्बरमा यो नियम घोषणा हुँदा सामाजिक सञ्जालमा नागरिकहरुले यसअघि नै नयाँ मोबाइल सेवा लिदाँ राष्ट्रिय परिचयपत्र र तस्बिर अनिवार्य थियो। नयाँ नियमपछि परिचयपत्रसम्बन्धी तथ्यांकसँग मिल्ने अनुहारको स्क्यान भएमात्र ती सेवामा पहुँच उपलब्ध गराइनेछ। चीनले वर्षौंदेखि मानिसहरूले आफ्नो 'वास्तविक परिचय' प्रयोग गरी इन्टरनेट प्रयोग गर्ने सुनिश्चित गर्ने गरी नियम ल्याउने प्रयास गर्दै आएको छ। उदाहरणका लागि चीनले सन् २०१७ मा इन्टरनेटका वेबसाइटहरूले कुनैपनि व्यक्तिलाई अनलाइनमा पोष्ट गर्न दिनुअघि प्रयोगकर्ताको परिचय प्रमाणित गर्नुपर्ने नियम ल्याएको थियो।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। |
| वृष : | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। |
| मिथुन : | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| कर्कट : | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। |
| सिंह : | बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। |
| कन्या : | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। |
| तुला : | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। |
| वृश्चिक : | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। |
| धनु : | चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। |
| मकर : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। |
| कुम्भ : | मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। |
| मीन : | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |

# कर्णाली गरिडोरले........................

मिल्ने भएको छ ।' सम्भाव्यता अध्ययन प्रतिवेदनपछि एक वर्षमा सडकको डिपिआर र डिजाइन स्टेमेट बनाएर ६ वर्षसम्म सडक निर्माण कार्य सम्पन्न हुने गरी योजना बनाइएको उपाध्यक्ष रेग्मीले बताए ।

चाइना रेलवे इन्जिनियरिङ कम्पनीले कर्णालीमा अत्यान्तै उदाहरणीय काम गरेका राष्ट्रिय योजना आयोगका सदस्य मिनबहादुर शाहीले बताए । त्रिदेशीय सुर्खेत-हिल्सासडकले कर्णालीको विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने शाहीको भनाइ छ। गत आर्थिक वर्षको कात्तिकमा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीसहित चाइना रेलवे इन्जिनियरिङ कम्पनीको टोलीले कर्णाली करिडोरमा सडकको अनुगमन गरेको थियो । प्रदेश सरकार र 'सिआरइइसी' को १२ सदस्यीय टोलीले सडकको हेलिकोप्टर र स्थलमार्गबाट सम्भाव्यता अध्ययन गरेको थियो । गत वर्ष असोजमा भएको कर्णालीका मुख्यमन्त्री शाहीको चीन भ्रमणको क्रममा पहिलो चरणमा चीन सरकारको सहयोगमा हिल्सा(सुर्खेत(जमुनाह सडक निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने सहमति भएको थियो ।

यो सडकले चीनको तिब्बत र भारतको उत्तर प्रदेशसँग जोडिने भएको छ । त्रिदेशीय मार्गले कर्णाली र ५ नम्बर प्रदेश लाई समेट्ने भएको छ । उत्तरी नाका हिल्साबाट दक्षिण नाका जमुनाहसम्म पाँच सय २१ किलोमिटर सडकको लम्बाइ हुनेछ । हुम्लाको हिल्सा, सिमिकोट हुँदै कालिकोटको लैफु, खुलालु र सुर्खेतको बांगेसिमल भएर नेपालगन्ज हुँदै जमुनाहलाई जोड्नेछ। यो मार्गले तिब्बतको हिल्सासँग कर्णाली प्रदेशको नयाँ सम्बन्ध जोड्ने जानकारहरुले विश्वास गरेका छन्। अन्य प्रदेशमा छिमेकी देशको सिमा जोडिएको भएपनि कर्णालीको भने, कुनै पनि छिमेकीसँग सडकले सिमा जोड्न सकेको छैन् ।

# फुकोट कर्णाली जलविद्युत.................

जनताको लगानी, हरेक नेपाली विद्युतको शेयर धनी भन्ने मुल नाराका साथ उज्यालो नेपाल अभियानमार्फत राज्यलाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउने लक्ष्यसहित २०७३ सालमा विद्युत उत्पादन कम्पनी लिमिटेडको स्थापना गरेको थियो। जसमा नेपाल सरकार, विभिन्न संघसंस्था र सर्वसाधारण नागरिकहरुको पनि लगानी गरेको छ । जुन कम्पनी अन्तर्गत नेपालका ६ वटा विद्युत आयोजनाहरु रहेको छन् । जसमा फुकोट कर्णाली अर्ध जलाशययुक्त जलबिद्युत आयोजना एक हो । यो आयोजना सरकारको प्राथमिक्तामा परेको आयोजना हो। फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाले राष्ट्रको ढुकुटीमा बृद्धि गर्नुका साथै कालिकोट र कर्णालीवासीको आर्थिक समृद्धि हुने अपेक्षा गरि एको छ ।


## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**स्थानीय आपतकालिन केन्द्रहरुको स्थापना गरि उद्धार टोली र राहतको सामाग्रीको जोहो गरौं।**

**विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत